माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
प्रदेश ५, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७६।०२।०८

## शिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना

यस गाउँपालिकाको लागि आवश्यक विधुतिय पोल खरिद कार्य सिलवन्दी दरभाउ पत्रको आह्वान गरी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इजाजत प्राप्त फर्म तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रहि सिलबन्दी दरभारउपत्र खरिद गरी १६ औँ दिन १२.०० बजे भित्र रीतपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सिलवन्दी दरभाउपत्र फाराम रू १०००।- तिरी (पछि फिर्ता नहुने गरी) माथागढी गाउँ कार्यापालिकाको कार्यालयबाट खरिद गर्न लिखित निवेदन साथ यस चालु आ.व. का लागि नविकरण गरिएको इजाजत, आयकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा सम्वन्धित फर्मको लेटर प्याडमा फर्मको छाप सहितको निवेदन पेश गर्नुपर्नेछ ।
२. सिलवन्दी दरभाउपत्र साथ निम्नानुसारको धरौटी रकम जमानत वापतको धरौटी यस गाउँपालिकाको मेगा बैंक नेपाल लिमिटेड तानसेन एक्सटेन्सन काउण्टर , झडेवा, पाल्पामा रहेको धरौटी खाता नं ०३३००१०१००६५३ मा जम्मा गरीएको सक्कलै भौचर वा सिलवन्दी खदरभाउपत्र दाखिला गर्ने मितिमा कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
३. सिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा गरिनेछ ।
४. सिलवन्दी दरभाउपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ ।
५. व्यावसायीमा सम्बन्धी कसुरमा आफ्नो सजाय नभएको व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिम आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा अनिवार्य रूपमा दरभाउपत्र दाताले दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता अवधिमा मूल्य वृद्धि भएवापतको रकम दावी गर्न पाइने छैन
७. कुनै शर्त राखी म्याद नाघी आएको वा रीत नपुगी आएको सिलवन्दी दरभाउपत्र मउपर कार्वाही गरीने छैन ।
८. यस सूचना उल्लेख भएका कुरा सोही सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुनमा बमोजिम हुनेछ ।
९. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने र नगर्ने अधिकार कार्यालयामा सुरक्षित हुनेछ ।
१०. फर्म वा सप्लायर्सलहरुले समान ढुवानी माथागढी गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पासम्म नै गर्नुपर्ने छ । लेखिएका हरेक प्रत्येक समानको लागत अनुमानमा कार्यालयसम्मको ढुवानी र VAT रकम समेत जोडिएको छ ।
११. सामग्रीको नमूना (Catalogue) दरभाउपत्रको दरखास्त फारम सँगै पेश गर्नु पर्नेछ।
१२. विस्तृत जानकारीको लागि यस गाउँ कार्यपालिकाको कार्यालयको मो.नं. ९८५७०६८५६८, र ९८४७०३९७७४ रकार्यालय समयमा सम्पर्क गरी र यस गाउँपालिकाको वेवसाइट www.mathagadhimun.gov.np बाट विस्तृत रूपमा बझ्न सकिनेछ ।

| सि.नं | ठेक्का नं | सामानको प्रकार | स्पेशीफिकेशन | (ल.ई.रकम- कन्टिजेन्सी बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ४/०७५-०७६ | electric pole | Supply and delivery of steel tublar pole (size 8 Mt) (IS:410-SP13 )both section fully Galvanized. | १४९५५५५.०० | ३७५००.०० |

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner